## आठराई त्रिवेणी गाउँपालिकाको खेलकुद प्रतियोगिता सम्बन्धी सूचना ।।।

### खेलाडि छनौटका लागि खेलकुद प्रतियोगिता -२०७६

यस आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिका तथा गाउँपालिका स्तरीय खेलकुद विकास समितिको निर्णय अनुसार वडा स्तरीय महिला तथा पुरुष फुटवल तथा भलिवल प्रतियोगिता सञ्चालन गरि गाउँपालिका स्तरीय टिम निर्माण गर्न खेलकुद प्रतियोगिता सञ्चालन हुने भएकोले इच्छुक खेलाडिहरुले मिति २०७६ पौष ७ गते भित्रमा आफ्नो सम्बन्धित वडा कार्यालयबाट प्राप्त हुने फारम भरि खेलाडि छनौटका लागि निवेदन दिन हुन अनुरोध छ ।

### खेलाडिहरुका लागि अन्य जानकारी

१. वडा कार्यालयहरु र वडा खेलकुद समितिले खेलाडिहरुको निवेदनका आधारमा खेलाडिहरु छनौट गरि खेलमा सहभागी हुन सिफारिस गर्नेछ ।

२. वडा कार्यालयहरु र वडा खेलकुद समितिले फुटवल खेलका लागि प्रत्येक वडाबाट १४/१४ जना तथा भलिबल खेलका लागि १२/१२ जना खेलाडि छनौट गरि प्रतियोगितामा सहभागीका लागि सिफारिस गर्नेछ ।

३. खेलाडिहरुले जर्सी अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

४. खेलाडिहरुले खाने बस्ने व्यवस्था आफैंले मिलाउनु पर्नेछ ।

५. खेलाडिहरुले फारामका साथ २/२ प्रति पासपोर्ट साइजको फोटो तथा वडाको स्थायी वासिन्दा भएको प्रमाण (नेपालि नागरिकता वा जन्मदर्ताको प्रमाण पत्र) समेत पेश गर्नु पर्नेछ ।

६. खेलाडिहरुले प्रदर्शन गरेको खेलका आधारमा विज्ञहरुबाट खेलाडिहरु छनौट गरिनेछ ।

**पुरस्कारहरु :**

१. पुरुष फुटबल तर्फ :

प्रथम पुरस्कार : नगद रु. २५,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

द्वितिय पुरस्कार : नगद रु. २०,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

२. महिला फुटबल तर्फ :

प्रथम पुरस्कार : नगद रु. २०,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

द्वितिय पुरस्कार : नगद रु. १५,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

३. पुरुष भलिबल तर्फ :

प्रथम पुरस्कार : नगद रु. १५,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

द्वितिय पुरस्कार : नगद रु. १०,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

४. महिला भलिबल तर्फ :

प्रथम पुरस्कार : नगद रु. १५,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

द्वितिय पुरस्कार : नगद रु. १०,०००।- सहित ट्रफि, मेडल र प्रमाण पत्र ।

**स्थान हाँसिल नगर्ने वडाको टिमलाई प्रति सहभागी टीम रु. ५,०००।- उपलब्ध गराईनेछ ।**

**खेल सञ्चालन हुने मिति र स्थान : २०७६ पौष १०, ११ र १२ गते, आठराई त्रिवेणी गाउँपालिका ३, हाङपाङ ।**

थप अन्य जानकारिका लागि : खेलकुद विकास समिति अध्यक्ष श्री लक्ष्मन राई : ९८४०२८८३२१
खेल संयोजक : श्री अशोक आङबुहाङ : ९८४२६६०११७
कार्यालय सम्पर्क : विजय गोठाले गौतम : ९८४१७७६९१७, ९८५२६६०९६०

आठराई त्रिवेणी गाउँपालिका
खेलकुद विकास समिति
हाङपाङ, ताप्लेजुङ ।

Scanned by CamScanner